# रिडी पावर कम्पनी लिमिटेड

का.म.न.पा. वडा नं.११, थापाथली काठमाडौं
कम्पनी दर्ता नं. १०७५/०६५/०६६
फोन नं. ०१–५१११०१५, ईमेलः ridipower@gmail.com
Website: www.ridipower.com.np

## २२औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०९/०७ गते**

यस कम्पनीको मिति २०८०/०९/०६ गते शुक्रबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको २२ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायक विषयहरुमा छलफल गर्न बस्ने हुँदा सबै शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समयः**

**मिति : २०८० साल पौष २८ गते, शनिबार (तदनुसार १३ जनवरी, २०२४)**

**स्थान : मैत्री हल, इन्द्रेणी कम्प्लेक्स, नयाँ वानेश्वर, काठमाडौं ।**

**समय : विहान ११:०० बजे देखि ।**

**२२औं वार्षिक साधारण सभाका लागि प्रस्तावित एजेण्डाहरू**

(१) आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा।

(२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३१, २०८० को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ का लागि लेखा परीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

(४) विविध

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट हुने किसिमको फोटो सहीतको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ। कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सभाहलबाट प्राप्त गर्न सकिनेछ।

२) साधारणसभाको प्रयोजनका लागि २०८० साल पौष १७ गते (एक दिन) शेयरको दर्ता किताव बन्द रहनेछ। २०८० पौष १७ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई, कायम रहेका शेयरधनीहरु मात्र यस कम्पनीको साधारण सभामा भाग लिन योग्य हुनेछन।

३) शेयरधनीहरूको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला गरिनेछ।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) दिई नियुक्त गर्नुपर्नेछ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ।

५) एक भन्दा वढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सकिनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ।

६) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरूमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ।

७) २२ औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, पाचौं तल्ला, ट्रेड टावर, थापाथली, काठमाडौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ। थप जानकारीको लागि कम्पनीको वेव साइट www.ridipower.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

सञ्चालक समितिको आज्ञाले
**रिडी पावर कम्पनी लिमिटेड**